# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल
## BHARATPUR METROPOLITAN CITY
### Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal


(पशु सेवा)

**पशु सेवा कार्यक्रममा प्रस्तावना आव्हानको सूचना**
**सूचना नं. ४ -२०७८/०७९ (पशु सेवा)**
**प्रथम पटक सूचना प्रकाशन मितिः २०७८/१०/१६**

आ.व. २०७८/०७९ मा प्रदेश सशर्त कार्यक्रम तर्फ भरतपुर महानगरपालिका अन्तर्गत तपसिलका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने भएकोले ईच्छुक कृषक समुह/सहकारी संस्थाहरूले तोकिएका कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन (२०७८/११/१६ गते) भित्र यस कार्यालयमा तोकिएको ढाँचा अनुसार आवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । यस विषयमा थप जानकारीको लागि कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा (०५६-५३२०३७) वा नजिकका पशु सेवा केन्द्रहरूमा सम्पर्क गर्न सकिने छ ।

**कार्यक्रमहरू**

१. निजि क्षेत्रको साझेदारीमा गाई पालन प्रवर्द्धन कार्यक्रम संचालन भरतपुर -२२ ।
२. महिला कृषक समुह संग बाख्रा पालन प्रवर्द्धन कार्यक्रम भरतपुर महानगरपालिका -५ ,रामवागमा संचालन ।
३. दुग्ध यान्त्रिकरण कार्यक्रम भरतपुर-२२ मा संचालन ।

**निवेदनसाथ पेश गर्नु पर्ने कागजातहरू**

१. सम्बन्धित निकायमा समुह/सहकारी दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।
२. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको संझौतानामा ।
३. कार्य समितिको निर्णयको प्रतिलिपी ।
४. प्रदेश सरकार अन्तरगत स्थानिय तहमा बिनियोजन सशर्त अनुदान कार्यक्रम कार्यविधि, २०७८ अनुसूचि-१ अनुसारको प्रतिवद्ता पत्र ।
५. पान दर्ता/नविकरण तथा करचुक्ता भएको प्रमाणपत्र।
६. नेपाली नागरिकताको प्रमाणपत्र ।समुह/सहकारीको हकमा अध्यक्षको नागरिकताको प्रमाणपत्र ।
७. पशु विमा गरेको प्रमाण ।
८. आवेदन दस्तुर वापत रू. एक लाखसम्मको अनुदानमा रू. १००।-, रू एक लाख माथि रू. पाँच लाखसम्मको अनुदानमा रू. ३००।- र रू. पाँच लाखभन्दा माथिको अनुदानमा रू. ५००।- सम्बन्धित वडा कार्यालयमा नगद राजश्व तिरेको सक्कल रसिद ।
९. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस ।

**बाख्रा प्रवर्धन कार्यक्रम**

- समुहमा १५ देखि २५ जना सदस्य भएको हुनु पर्ने।
- प्रति कृषक कम्तिमा ३ वटा बिमा गरिएको माउबाख्रा पालि रहेको हुनु पर्ने ।

महाशाखा प्रमुख


056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फागुन २७, २०७३)

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal

(पशु सेवा)

**गाईभ प्रवर्द्धन कार्यक्रम**

- प्रति कृषक कम्तिमा २ वटा बिमा गरिएको माउगाई पालि रहेको हुनु पर्ने छ ।
- समुहमा कम्तिमा १० जना सदस्य भएको हुनु पर्नेछ।

आवेदन फारम भरतपुर महानगरपालिका कृषि तथा पशुपंक्षि प्रवर्द्धन शाखाबाट उपलब्ध गराईने छ ।

महाशाखा प्रमुख

056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फागुन २७, २०७३)